# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. ०७९/०८०

च.नं.

मिति: २०७९/१२/२६

**प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०७९/१२/

आ.व २०७९/०८०को बहुक्षेत्रीय पोषण योजना अन्तर्गत बार्षिक स्वीकृत कार्यक्रम अनुसार चेपाङ महिला सहकारी तथा समुहलाई आय आर्जन सुधारको लागि नगद स्वरुप अनुदान बजेट रु. ६,२५,०००।- अक्षेरुपी छ लाख पच्चिस हजार रुपैयाँ मात्र उपलब्ध गराउने कार्यक्रम रहेको हुदाँ उक्त अनुदानमा कार्य गर्न ईच्छुकले यस नगर पालिकामा दर्ता भएका महिला सहकारी तथा समुहहरुले यो सुचना प्रकाशन भएको मितिले १५ दिनभित्र प्रस्ताव आह्वान गरिन्छ, साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु मुल्याङ्कनमा समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा परेमा सोको भोलिपल्ट प्रस्ताव पेश गर्न सकिनेछ ।

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रमबाट ब्यहोरिने रकम | कार्यक्रम सञ्चालन हुने स्थान |
|---|---|---|---|
| १. | विपन्न महिला समुह तथा सहकारीलाई आयआर्जन सुधार कार्यक्रम | रु.६,२५,०००।०० (छ लाख पच्चिस हजार रुपैयाँ मात्र) | राप्ती नगरपालिका वार्ड नं ११, १२, १३ |

**प्रस्तावमा उल्लेख हुनुपर्ने कुराहरु:**

१. रितपुर्वक निवेदन ।

२. प्रस्ताव पेश गर्ने संस्था प्रचलित कानुन बमोजिम दर्ता भई स्थानिय महिला समुह वा सहकारी हुनुपर्ने ।

३. समुह वा सहकारीमा आबद्ध सदस्यहरु विपन्न तथा सुनौला हजार दिनका घरपरिवारको आमाहरु हुनु पर्ने ।

४. महिला समुह तथा सहकारी सञ्चालन समितिको निर्णय सहितको प्रस्ताव पेश गर्नुपर्ने छ ।

५. विपन्न तथा सिमान्तकृत चेपाङ २५ जनाको समुह हुनुपर्ने छ ।

६. प्रस्ताव पेश गर्ने महिला समुह वा सहकारी संस्थाले सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नभएको हुनुपर्ने ।

७. आ.ब.२०७८/०७९ को कर चुक्ता पत्र र प्यान नम्बर सहित प्रमाणपत्र विवरणमा खुलाएर पेश गर्ने ।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस हुनु पर्नेछ ।

२०७९/१२/२६

**प्रमुख प्रशासकीय अधिकृत**